बागमती प्रदेश सरकार

# उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

## उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

## उद्योग तथा वाणिज्य कार्यालय

विदुर,नुवाकोट

पत्र सङ्ख्या:२०८२।८३

चलानी नम्बर:

नेपाल सम्वत् ११४६

### सीप विकास तालिम संचालनका लागि प्रशिक्षार्थी छनौट सम्बन्धी सूचना

### (प्रथम पटक प्रकाशित मिति २०८३/२/२५)

यस उद्योग तथा वाणिज्य कार्यालय, नुवाकोट लागि आ.व.०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिमका तालिमको विषयमा सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र (सार्वजनिक बिदा परेको छ भने सो को भोलिपल्ट) तालिम लिन इच्छुक व्यक्ति वा समुहले यस कार्यालयमा आवश्यक कागजात सहित तोकिएको ढाँचा अनुसारको निवेदन दिन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क.स. | तालिमको विषय | लक्षित समुह |
|---|---|---|
| १. | सीप विकास सम्बन्धी वारिष्ठ/कफी बनाउने तालिम | १.आर्थिक रुपले विपन्न सिमान्तकृत पिछडिएका अल्पसङ्ख्यक समूहका व्यक्तिहरु<br>२.उद्यम गर्न इच्छुक नागरिक<br>३.उद्यमलाई प्रभावकारी रुपमा संचालन गर्न चाहने लघु घरेलु तथा साना उद्यमीहरु<br>४.परम्परागत रुपमा रहेको सिपलाई आधुनिक प्रविधिमैत्री बनाई व्यवसायिक दक्षता अभिवृद्धि गराउन चाहने व्यक्तिहरु<br>५.वैदेशिक रोजगारीबाट फर्केका युवा जनशक्तिहरु |

(क) तालिम अवधिः स्वीकृत बजेटको परिधि भित्र रही छोटो, मध्यम र लामो अवधिको तालिम सञ्चालन गरिनेछ ।

(ख) छनौट संख्या:- तालिम सञ्चालन सम्बन्धी कार्यविधि,२०८१ अनुसार छनौट गरिनेछ ।

(ग) छनौट विधि:-व्यक्तिगत अन्तरवार्ता ।

(घ) तालिम संचालन मिति,अवधि र स्थान:-प्रशिक्षकको उपलब्धता, प्रशिक्षार्थीहरुको सामुहिक माग र बजेट परिधि भित्र रही पछि तय गरिनेछ ।

**(ङ) प्रशिक्षार्थीको योग्यता:-**

१. बागमती प्रदेश भित्र बसोबास गर्ने नेपाली नागरिक हुनु पर्ने.

२. १६ वर्ष उमेर पुरा भएको

३. शैक्षिक योग्यताः तालिमको प्रकृति अनुसार कार्यविधिमा उल्लेख भए बमोजिम ।

**(च) पेश गर्नु पर्ने कागजातहरु:-**

१. नेपाली नागरिकताको प्रतिलिपी/ पहिचान पत्रको प्रतिलिपी

२. तालिम पश्चातको व्यवसयिक योजना ()संक्षिप्त बढीमा २ पेज)

(छ) छनौट भएका प्रशिक्षार्थीहरुले पाउने सुविधा दैनिक हाजिरीका आधारमा खाजा खर्च प्रतिव्यक्ति प्रति दिन रु.१००। र परिवहन खर्च वापत एकमुष्ठ जम्मा रु.५००।कार्यालयले उपलब्ध गराउने छ ।(९०% हाजिरी भएमा मात्र )

१. निवेदनको ढाँचा कार्यालयको सेवा प्रवाह कक्ष एंव कार्यालयको वेबसाइट (csionuwakot.gov.np) फेसबुक पेज उद्योग तथा वाणिज्य कार्यालय नुवाकोट बाट प्राप्त गर्न सकिने छ ।

**नोटःतालिम सम्बन्धि अन्य प्रक्रिया बागमती प्रदेश सरकारको तालिम संचालन सम्बन्धी कार्यविधी २०८१अनुसार हुनेछ।**

यस सम्बन्धमा थप जानकारी आवश्यक परेमा ०१०-५६०००४, ९८५१३३९२०४ मा सम्पर्क गर्न सकिनेछ ।

इमेल:csionuwakot@gmail.com

फोन नं. ०१०-५६०००४

CS Scanned with CamScanner